# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८३।०३।१३

## प्रेस विज्ञप्ति

पत्रकार धनराज साउदलाई अछामस्थित बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष टेकबहादुर साउदले समाचारको स्रोत खुलाउन दबाब र धम्की दिएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही असार ११ गते अध्यक्ष साउदले आफ्नै कार्यकक्षमा बोलाएर महासंघ सुदूरपश्चिम प्रदेश समितिका सचिवसमेत रहेका पत्रकार धनराजलाई यस्तो व्यवहार गरेको महासंघको अछाम शाखाले जनाएको छ ।

समाचारप्रति गुनासो भए विधिसम्मत समाधान खोज्न छोडेर जिम्मेवार जनप्रतिनिधिबाट पत्रकारलाई धम्क्याइएको स्वतन्त्र प्रेसविरोधी अशोभनीय हर्कतको महासंघ भर्त्सना गर्दछ ।

घटनाको छानबिन गरी दोषीउपर कारबाही गर्न महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org